लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्रको
विधान
२०७६

प्रस्तावना:

नेपाल भरी संचालन हुने ट्याक्सी सम्बन्धी मजदुर भई काम गर्दै आएका मजदुरहरुको हकहितको संरक्षण र सम्वर्द्धन गर्न राजनीतिक, भाषिक, जातीय तथा लैङ्गिक भेदभाव रहित केन्द्रीय स्तरको स्वतन्त्र पेशागत संस्था स्थापना गर्नुपर्ने अपरिहार्यतालाई महशुस गरि मुलुकभरिका ट्याक्सी रोजगारसँग सम्बन्धि भई काम गर्ने मजदुरहरुलाई संगठित गरी उनीहरुको हकहित संरक्षण तथा पेशागत मर्यादा कायम गर्न यस **लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र** को स्थापनाको निम्ति यो विधान जारी गरिएको छ।

परिच्छेद -१

१.संक्षिप्त नाम र प्रारम्भ :

क) यस विधानको नाम **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"** को विधान २०७६ रहनेछ।

ख) यस विधान **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"**को विधान संगठन दर्ता भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क) "विधान" भन्नाले **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"** लाई बुझाउँदछ।

ख) "मजदुर" भन्नाले नेपाल भित्रका ट्याक्सी रोजगारसँग सम्बन्धि भई शारीरिक र मानसिक रुपले काम गरी मजदुर अथवा ज्यालादारी गर्ने कामदार कर्मचारीलाई सम्झनु पर्दछ।

ग) **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"** भन्नाले यस विधानको दफा ३ (क) बमोजिम स्थापना भएको संगठनलाई सम्झनु पर्दछ।

घ) "संगठन" भन्नाले **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"** लाई सम्झनु पर्दछ।

ङ) "पदाधिकारी" भन्नाले कार्य समितिका सदस्य समेतलाई सम्झनु पर्दछ।

च) **"कार्यसमिति"** भन्नाले **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"**को जिल्ला समन्वयन, प्रदेश र केन्द्रीय समितिलाई सम्झनु पर्दछ।

छ) "अधिवेशन" भन्नाले **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"**को जिल्ला, प्रदेश र केन्द्रीय अधिवेशनलाई सम्झनु पर्दछ।

ज) "परिषद्" भन्नाले **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"**को जिल्ला, प्रदेश र केन्द्रीय परिषदलाई सम्झनु पर्दछ।

झ) **"विधान अधिवेशन"** भन्नाले यस विधानलाई पारित गर्ने प्रयोजनका लागि **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"**का केन्द्रीय तदर्थ समितिद्वारा बोलाइएको अधिवेशनलाई सम्झनु पर्दछ।

ञ) "तोकिए" वा तोकिए बमोजिम भन्नाले यस विधानमा उल्लेखित विभिन्न दफा उपदफामा उल्लेख भएको वा यस विधानमा रही बनेका नियम विनियमहरुमा उल्लेख भएका कुराहरुलाई समेत जनाउँदछ।

परिच्छेद-२

३. लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्रको स्थापना र कार्यालय :

क) **"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"**नामको एक संगठन स्थापना हुनेछ।

ख। "लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"को अंग्रेजीमा **Democratic Self Employed Taxi Workers Union-Independent** भनिने छ।

ग। "लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"लाई छोटकरीमा लो.स्व.ट्या.म.स.-स्व. र अंग्रेजीमा छोटकरीमा **DSETWU-I** हुनेछ।

घ। लो.स्व.ट्या.म.स.-स्व.केन्द्रीय समितिको कार्यालय काठमाडौं उपत्यकामा, जिल्ला समन्वयन समिति र प्रदेश समितिको कार्यालय सुविधा अनुसार रहनेछ।

४."लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र" स्वशासित र संगठित संगठित संस्था हुने :

क। लो.स्व.ट्या.म.स.-स्व.अविछिन्न उत्तराधिकारी वाला एक स्वशासित र संगठित संस्था हुनेछ।

ख। लो.स्व.ट्या.म.स.-स्व.ले व्यक्ति सरह चल अचल सम्पत्ति प्रयोग गर्न, भोग गर्न धितो बन्धन राख्न, खरिद बिक्री गर्न र अन्य कुनै किसिमको उपभोग गर्न सक्नेछ।

ग। लो.स्व.ट्या.म.स.-स्व.ले आफ्नो नामबाट कसैउपर नालिस उजुर गर्न र कसैले यस उपर साही नामबाट नालिस उजुर गर्न सक्नेछ।

घ। लो.स्व.ट्या.म.स.-स्व.को काम कारवाहीको लागि अनुसूची १ मा व्यवस्था भए बमोजिमको एउटा छुट्टै छाप हुनेछ।

ङ। लो.स्व.ट्या.म.स.-स्व.को प्रतिक चिन्ह र झण्डा अनुसूचि २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ।

५। उद्देश्यहरु:

क। नेपालभर छरिएर रहेका ट्याक्सी रोजगारसंग सम्बन्धि भई काम गर्ने मजदुरहरुलाई संगठित गर्ने।

ख। ट्याक्सी रोजगारका मजदुरहरुको पेशागत हकहितको संरक्षण र सम्वर्द्धन गर्ने

ग। लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्रमा काम गर्ने मजदुरहरुको स्वास्थ्य सुरक्षा र आर्थिक जीवनस्तर उकास्न सहकारी संचालन गरी क्रियाशिल रहने।

घ। मजदुर र व्यवस्थापनबीच पारस्परिक सम्बन्ध विकासमा सहयोग पुऱ्याउने।

ङ। मजदुरको वैधानिक मान्यताको लागि कार्यरत रहने।

च। मजदुरसंग सम्बन्धित कुराहरुमा मजदुर वर्गको प्रतिनिधित्व गर्ने।

छ। श्रम बजारको विस्तार गरी श्रम सम्बन्धि सूचनाहरु प्रवाह गर्ने।

ज। समान लक्ष्य र सिद्धान्तका राष्ट्रिय, अन्तर्राष्ट्रिय संगठनहरुबीच भातृत्वपूर्ण सम्बन्धको विकास गर्ने।

झ। रोजगार र रोजगारमूलक व्यवसायको वृद्धि गर्न र गराउन सरकारलाई दबाव दिने।

ञ। मजदुरहरुको वृत्ति विकासका लागि केन्द्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका तालिम, कार्यक्रम, गोष्ठी तथा सेमिनारको संचालन र सहभागिता गर्ने, गराउने।

ट। मजदुर र उनिहरुका परिवारको हित र कल्याणका निम्ति आवश्यक र उपयुक्त कार्यक्रमहरु संचालन गर्ने।

ठ। यस संगठन कुनै नाफामुलक नभई गैर नाफा रहित संगठन तथा लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन स्वतन्त्रका श्रमिकहरुको सेवा गर्ने।

ड। सामाजिक सुरक्षा, बालश्रम उन्मुलन र लैङ्गिक समानता लगायत विविध सामाजिक क्रियाकलापहरु गर्ने।

६ सदस्यता प्राप्ति र शुल्क:

६.१ साधारण सदस्यता :

क। "लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र" र संगठनको विधान स्वीकार गरी आवेदन दिने समान उद्देश्यका मजदुरहरुबाट प्रवेश सदस्यता शुल्क रु.५१/- र वार्षिक नविकरण सदस्यता शुल्क रु.५१/- लिई सदस्यता र नविकरण प्रदान गर्न सक्नेछ।

ख। "समाजवादी स्वतन्त्र ट्रेड युनियन महासघ नेपाल (SITUC)" को आवद्धता संघ भएकोले यस "लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन (स्वतन्त्र)" "समाजवादी स्वतन्त्र ट्रेड युनियन महासघ नेपाल (SITUC)" नै संरक्षक रहनेछ र कार्यसमिति परिवर्तन गर्नु परेमा अधिवेशन गरि स.स्व.ट्रे.यु.म. नेपाल ले नै परिवर्तन गर्न सक्नेछ साथै सघमा कुनै पनि समस्या आइपरेमा महासंघले नै समस्याको समाधान गर्नेछ।

ख) प्रदेश समितिले प्रवेश शुल्कको र नविकरण शुल्कको २५ प्रतिशतका दरले केन्द्रीय समितिमा बुझाउनु पर्नेछ ।

६.२. **मानार्थ सदस्य :**

मजदुरहरुको जीवन अवस्था एवं मजदुर कल्याण सम्बन्धि अध्ययन, अनुशासन तथा त्यस सम्बन्धि कार्यमा आर्थिक तथा भौतिक रुपमा रुपमा विशेष योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्रको केन्द्रिय समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

६.३. **सदस्यता नविकरण :**

क) दफा ६.१ (क) बमोजिम सदस्यता प्राप्त गर्ने सदस्यहरुको सदस्यताको म्याद प्रत्येक आषाढ मसान्त सम्म हुनेछ ।

ख) कुनै सदस्यले म्याद भित्र सदस्यता नविकरण नगराएमा केन्द्रिय समितिले सम्बन्धित सदस्यहरुलाई नविकरण म्याद समाप्त भएको मितिले ३ महिना भित्र नविकरण शुल्क बुझाउनु भनी आदेश गर्न सक्नेछ ।

ग) उपदफा (ख) अन्तर्गत दिएको आदेश भित्र पनि सदस्यता नविकरण नगराउने सदस्यहरुलाई ३५ दिनको म्याद दिई सफाई मौका दिईनेछ, सो सफाई सन्तोषजनक नभएमा वा सफाई नदिएमा त्यस्ता सदस्यहरुलाई समितिले दिएको आवद्धतावाट निलम्बन गर्न सक्नेछ ।

घ) उपदफा (ग) बमोजिम निलम्बनमा परेका सदस्यहरुलाई **लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्रको** कुनैपनि गतिविधिमा भाग लिन अधिकार हुने छैन ।

६.४ **पदाधिकारीको आचरण :**

"लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र"को प्रत्येक पदाधिकारीले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ ।

क) **लो.स्व.ट्या.म.स.-स्व.**को हित र उद्देश्य अनुरुप काम कारवाहीमा भाग लिनुपर्ने ।

ख) **लो.स्व.ट्या.म.स.-स्व.**को गोपनियता कायम गर्नुपर्ने ।

ग) **लो.स्व.ट्या.म.स.-स्व.**को निर्णयहरुको पालना गर्नुपर्ने ।

घ) **लो.स्व.ट्या.म.स.-स्व.**को संवर्द्धन, सुदृढिकरण र उद्देश्य प्राप्तिमा सक्रिय रहनुपर्ने ।

६.५ **आचरण विरुद्धको कारवाही :**

लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्रको कुनै पदाधिकारीको उपदफा (६.४) बमोजिमको आचरण पालना नगरेको पाइएमा सो सम्बन्धित समितिले बहुमतको निर्णयबाट स्पष्टिकरण, चेतावानी, नसिहत, निलम्बनको कारवाही गर्न सकिनेछ ।

परिच्छेद-३

७. **लो.स्व.ट्या.म.स.-स्व.को स्वरुप :**

७.१. **लो.स्व.ट्या.म.स.-स्व.**को संगठनात्मक स्वरुप देहाय बमोजिम हुनेछ ।

क) जिल्ला समन्वयन समिति

ख) प्रदेश समिति

ग) केन्द्रिय समिति

७.२ जिल्ला समन्वयन समिति :

जिल्ला अधिवेसनले आफु मध्येबाट निर्वाचन गरी अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव १, कोषाध्यक्ष १ र सदस्य ९ जना सम्म र अध्यक्षद्वारा मनोनित १ जना समेत गरी जम्मा १५ जना सम्मको जिल्ला समन्वयन समिति गठन गर्नेछ ।

७.३ प्रदेश समिति :दखहन

केन्द्रिय अधिवेशनमा निम्न क्षेत्रका आधारमा अधिवेशनद्वारा निर्वाचित उपाध्यक्षहरु प्रदेश समितिको अध्यक्ष रहनेछन् ।

क) प्रदेश नं. १
ख) प्रदेश नं. २
ग) प्रदेश नं. ३
घ) प्रदेश नं. ४
ङ) प्रदेश नं. ५
च) प्रदेश नं. ६
छ) प्रदेश नं. ७

७.४ केन्द्रिय समिति :

केन्द्रिय अधिवेशनले आफु मध्येबाट निर्वाचन गरी अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, प्रदेश उपाध्यक्ष ७, महासचिव १, सचिव ७, कोषाध्यक्ष १, र सदस्य १७ गरी ३५ जना सम्मको समिति हुनेछ ।

७.५ पदावधि :

लो.स्व.ट्या.म.स.-स्व.को पदाधिकारीहरुको पदावधि निर्वाचन भएको मिति देखि ३ वर्षको हुनेछ ।

८. परिषद् :

८.१ प्रदेश परिषद् :

निम्नानुसारको पदाधिकारी तथा प्रतिनिधिहरु सम्मिलित भई प्रत्येक वर्षको एक पटक बस्ने बैठक नै प्रदेश परिषद हो ।

क) प्रदेश समितिका पदाधिकारीहरु,
ग) सम्बन्धित प्रदेशका केन्द्रिय अधिवेशन प्रतिनिधिहरु ।

८.२ केन्द्रिय परिषद् :

क) केन्द्रिय अधिवेशनको प्रत्येक २ वर्षमा बस्ने प्रतिनिधिहरुका बैठक नै केन्द्रिय परिषद् हो
ख) केन्द्रिय समितिका पदाधिकारीहरु केन्द्रिय परिषदका पदेन सदस्य रहनेछन् ।

९. अधिवेशनको गठन :

९.१ प्रदेश अधिवेशन :

क) **लो.स्व.ट्या.म.स.-स्व.को प्रदेश** भरिका सम्पूर्ण सदस्यहरु प्रदेश अधिवेशन प्रतिनिधि हुनेछन् ।
ख) जिल्ला समन्वयन समितिले प्रदेश अधिवेशनका कुल सदस्य संख्याको १ प्रतिशतका दरले ट्रेड युनियन आन्दोलनमा समाहित भएका व्यक्तिहरु मध्येबाट मनोनित गरेको सदस्यहरु ।

९.२ केन्द्रिय अधिवेशन :

लो.स्व.ट्या.म.स.-स्व.को केन्द्रिय अधिवेशनको गठन देहाय बमोजिम निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ ।

क) **लो.स्व.ट्या.म.स.-स्व.**संग आवद्ध केन्द्रिय संघको सदस्य संख्याको आधारमा देहाय बमोजिमको संख्यामा निर्वाचित भै आएका सदस्यहरु ।

१. २०० जना सम्ममा - १ जना

२. २०० देखि माथि प्रत्येक २०० सम्ममा थप १ जना

ख) **लो.स्व.ट्या.म.स.-स्व.**का जिल्ला समन्वयन समितिका अध्यक्षहरु केन्द्रिय अधिवेशनमा पदेन प्रतिनिधी हुनेछन तर केन्द्रिय समितिका पदाधिकारीको लागि उम्मेदवारी दिन पाउने छैन् ।

परिच्छेद-४

१०. परिषद् र अधिवेशन सम्बन्धि व्यवस्था :

१०.१ नियमित परिषद् र अधिवेशन सम्बन्धि व्यवस्था :

क) **लो.स्व.ट्या.म.स.-स्व.को** अधिवेशन सम्वन्धित कार्य समितिले प्रत्येक ३ वर्षमा बोलाउनु पर्नेछ ।

ख) उपदफा (क) बमोजिम परिषद् र अधिवेशन बोलाउँदा ठाउँ, मिति र छलफलका विषयहरु समेत उल्लेख गरी कम्तीमा ३० दिन अगावै सम्वन्धित सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।

ग) सम्वन्धित परिषद वा अधिवेशनका कम्तीमा ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद वा अधिवेशनको गणपूरक संख्या पुगेको मानिनेछ ।

घ) पहिलो पटक बोलाएको अधिवेशन वा परिषदमा उपदफा (ग) बमोजिम गणपूरक संख्या नपुगेमा ३० दिनको समय दिई दोश्रो पटक परिषद् वा अधिवेशन बोलाइने छ । जसमा एक तिहाई सदस्यहरु उपस्थित भएपनि गणपुरक संख्या पुगेको मानिनेछ ।

१०.२ आकस्मिक वा विशेष अधिवेशन सम्बन्धि व्यवस्था :

क) लो.स्व.ट्या.म.स.-स्व.को सम्वन्धित अधिवेशनमा वा परिषदका कम्तीमा २५ प्रतिशत सदस्यहरुले यथार्थ कारण खुलाई लिखित रुपमा विशेष परिषद् वा अधिवेशन बोलाउन सम्वन्धित कार्य समितिलाई अनुरोध गरेमा एक महिना भित्रमा विशेष वा आकस्मिक अधिवेशन वा परिषद् बोलाउनु पर्नेछ ।

११. छलफल र निर्णय :

क) अधिवेशन वा परिषदको अध्यक्षमा सम्वन्धित कार्य समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा सम्वन्धित कार्यसमितिको सदस्यहरुले आफु मध्येबाट छानेको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

ख) अधिवेशन वा परिषदमा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ ।

ग) छलफलको क्रममा गोप्य वा खुला मतदान हुँदा उपस्थिति भई मतदान गर्ने सदस्यहरुको बहुमत प्राप्त रायलाई अधिवेशन वा परिषदको निर्णय मानिनेछ । मत बराबर हुन गएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

१२. माइन्यूट राख्नु पर्ने :

अधिवेशन वा परिषदमा भएका काम कारवाहीको विषयमा एउटा माइन्यूट तयार गरी अध्यक्षता गर्ने व्यक्ति र अधिवेशनमा उपस्थित कम्तीमा दुई जना सदस्यहरुद्वारा प्रमाणित गराई सम्वन्धित कार्य समितिका महा-सचिव वा सचिवले अध्यावधिक गराई राख्नुपर्नेछ ।

१३. निर्णयको जानकारी दिनुपर्ने :

लो.स्व.ट्या.म.स.-स्व.को प्रत्येक परिषद वा अधिवेशनमा भएका निर्णयहरुको जानकारी आवद्ध केन्द्रिय संघ र लो.स्व.ट्या.म.स.-स्व. मार्फत साधारण सदस्यहरुलाई दिनुपर्नेछ ।

१४. अधिवेशन र परिषद्मा पेश गरिने विषयहरु :

१४.१ अधिवेशन र परिषद्मा पेश गरिने विषयहरु

क) वार्षिक कार्यक्रम

ख) वार्षिक बजेट

ग) लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक

घ) लेखा परिक्षणको प्रतिवेदन

ङ) कर्मचारीको दरबन्दी थप्ने र निजको पारिश्रमिक, सुविधा एवं सेवाका शर्तहरु तोक्ने ।

च) अन्य आवश्यक विषयहरु

१४.२ **लो.स्व.ट्या.म.स.-स्व.को** विधान संशोधनको प्रस्ताव केन्द्रिय अधिवेशनमा मात्र पेश गरिनेछ ।

१४.३ **लो.स्व.ट्या.म.स.-स्व.को** विधान बनाइने विनियम सम्बन्धि प्रस्ताव केन्द्रिया परिषद वा अधिवेशनमा मात्र पेश गरिनेछ ।

१५. **कार्य समितिको बैठक र निर्णय :**

क. **लो.स्व.ट्या.म.स.-स्व.को** केन्द्रिय समितिको बैठक कम्तीमा ३ महिनामा र प्रदेश समिति, जिल्ला समन्वयन समितिको बैठक कम्तीमा १ महिनामा एक पटक बस्नेछ । तर अध्यक्षले आवश्यकता महसुस गरेमा जुनसुकै समयमा पनि आकस्मिक बैठक बोलाउन सक्नेछ ।

ख. कार्य समितिको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा कारण खोली बैठक बोलाउन अध्यक्ष समक्ष अनुरोध गरेमा केन्द्रिय समितिको हकमा ३० दिन र जिल्ला समितिको हकमा १५ दिन भित्र अनिवार्य रुपमा बैठक बोलाउनु पर्नेछ ।

ग. अध्यक्षको अनुमति लिई बैठक बस्ने मिति, समय, स्थान र छलफलका विषयहरु तोकी केन्द्रिय समितिको हकमा समितिका ५० प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ । तर ५० प्रतिशत भन्दा कम सदस्यहरु उपस्थित भई दोश्रो पटक बैठक बस्नुपर्दा एकतिहाई सदस्यहरु उपस्थिति भएमा पनि बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।

घ. बैठकको अध्यक्षता सम्बन्धित समितिका अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा उपाध्यक्षले र दुवै जनाको अनुपस्थितिमा सदस्यहरुले आफु मध्येबाट छानेको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

ङ. बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सकेछ ।

च. सम्बन्धित समितिका पदाधिकारी एवं सदस्यहरुलाई निर्णयको जानकारी महासचिव वा सचिवले अनिवार्य रुपमा गराउनु पर्नेछ ।

छ. बैठक सम्बन्धि अन्य कार्यविधि कार्य समिति आफैंले निर्धारण गर्न सकेछ ।

परिच्छेद -५

१६. **अधिवेशन, परिषद् र समितिको काम, कर्तव्य र अधिकार**

१६.१ **जिल्ला समन्वयन समिति, प्रदेश परिषद् र केन्द्रिय परिषद्:**

क. कार्य समितिले एक वर्षमा गरेका काम कारवाहीको वार्षिक मूल्यांकन गर्ने ।

ख. कार्य समितिले पेश गरेको कार्यक्रम तथा वार्षिक बजेट माथि छलफल गरी स्वीकृत गर्ने र आगामि वर्षको लागि कार्यक्रम स्वीकृत गर्ने ।

ग. लेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर छलफल र निर्णय गर्ने ।

घ. नियमानुसार प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार विमर्श र निर्णय गर्ने ।

ङ. आन्तरिक कार्य व्यवस्थापनको लागि नीति निर्धारण गर्ने ।

१६.२ **जिल्ला समन्वयन अधिवेशन प्रदेश तथा केन्द्रिय अधिवेशन :**

क. समितिले गरेको काम कारवाहीको मूल्यांकन गर्ने ।

ख) लो.स्व.ट्या.म.स.-स्व.को भावी कार्यक्रमको तर्जुमा गर्ने ।

ग) समितिको प्रतिवेदन, कार्यक्रम र लेखापरीक्षण गरिएको वार्षिक आय व्ययको हिसाब उपर छलफल गर्ने, निर्णय दिने र आगामि वर्षको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

घ) नियमानुसार प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार विमर्श गर्ने र निर्णय गर्ने ।

ङ) समिति र परिषदद्वारा विमर्श हुनुपर्ने भनी प्रस्तुत गरेका अन्य प्रस्तावहरुमा छलफल र निर्णय गर्ने ।

च) समितिको निर्वाचन गर्ने ।

छ) लो.स्व.ट्या.म.स.-स्व.संग आवद्ध प्रक्रिया पूरा गरेका केन्द्रिय संघलाई सदस्यता प्रदान गर्ने ।

ज) लो.स्व.ट्या.म.स.-स्व.को सर्वोच्च अंग केन्द्रिय अधिवेशन हुनेहुँदा मातहतका समितिमा उठेका कुनै पनि प्रश्नको समाधान गर्ने ।

झ) विधान संशोधन गर्ने ।

ञ) अधिवेशनमा उठेका कुनै पनि प्रश्नमा मत दिने अधिकार अधिवेशनका प्रतिनिधि सदस्यहरुलाई मात्र रहनेछ ।

९६ ३ जिल्ला समन्वयन समिति :

क) जिल्ला अधिवेशनले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख) जिल्ला परिषदको आयोजना गर्ने र परिषदद्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

ग) मातहतका समितिहरु बीच मजदर ऐक्यवद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

घ) लो.स्व.ट्या.म.स.-स्व. नीति, निर्देशनहरु अवगत गराउने ।

ङ) सदस्यको अभिलेख अध्यावधिक राख्ने ।

च) लो.स्व.ट्या.म.स.-स्व.को विधान र नीतिको अधिनमा रही जिल्ला कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु संचालन गर्ने ।

छ) दीर्घकालिन र अल्पकालिन शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

ज) सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

झ) मजदरहरुको व्यक्तिगत वा सामुहिक सौदाबाजी गर्नु पर्ने आवश्यकता हेरी श्र. जनासम्म वार्ताकारहरुको व्यवस्था गर्ने ।

ञ) आवश्यकता अनुसार विविध कार्यक्रम संचालन गर्न जिल्ला अधिवेशनले तय गरेको विभागहरु खडा गरी नियुक्त भएका विभागिय निर्देशकहरुको काम कारवाही तथा पदावधि तोक्ने ।

ट) लेखा परिक्षकको नियुक्ति गर्ने ।

ठ) आवश्यकता अनुसार कर्मचारी नियुक्ति गर्ने ।

ड) विधान विपरित काम गर्ने पदाधिकारी उपर सफाइको उचित मौका प्रदान गरी अनुशासनको कारवाही गर्ने ।

ढ) समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने

ण) समितिको निर्वाचनका लागि निर्वाचन समितिको गठन गर्ने ।

९६ ४ प्रदेश समिति :

क) प्रदेश परिषदले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख) प्रदेश परिषदको आयोजना गर्ने

ग) मातहतका समितिहरु बीच मजदर ऐक्यवद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

घ) लो.स्व.ट्या.म.स.-स्व. नीति, निर्देशनहरु अवगत गराउने ।

ङ) सदस्यको अभिलेख अध्यावधिक राख्ने ।

च) लो.स्व.ट्या.म.स.-स्व.को विधान र नीतिको अधिनमा रही जिल्ला कोष अधिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु संचालन गर्ने ।

छ) दीर्घकालिन र अल्पकालिन शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

ज) सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

झ) मजदुरहरुको व्यक्तिगत वा सामुहिक सौदाबाजी गर्नु पर्दा आवश्यकता हेरी ५ जनासम्म वार्ताकारहरुका व्यवस्था गर्ने ।

ञ) आवश्यकता अनुसार विविध कार्यक्रम संचालन गर्न प्रदेश परिषदले तय गरेको विभागहरु खडा गरी नियुक्त भएका विभागिय निर्देशकहरुको काम कारवाही तथा पदावधि तोक्ने ।

ट) लेखा परिक्षकको नियुक्ति गर्ने ।

ठ) दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

ड) विधान विपरित काम गर्ने पदाधिकारी उपर सफाइको उचित मौका प्रदान गरी अनुशासनको कारवाही गर्ने ।

ढ) समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने

१६.५ **केन्द्रिय समिति :**

क) केन्द्रिय अधिवेशनले पारित गरेका निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख) केन्द्रिय परिषदले बैठकको आयोजना गर्ने र परिषदद्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

ग) केन्द्रिय परिषदले पारित गरेका प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

घ) लेखा परिक्षक नियुक्त गर्ने ।

ङ) सदस्यको अभिलेख अध्यावधिक राख्ने ।

च) कोष अधिवृद्धिका लागि आर्थिक कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गराउने ।

छ) लो.स्व.ट्या.म.स.-स्व.को विधान विपरित कार्य गर्ने सदस्य उपर जिल्ला समितिले गरेका अनुशासनको कार्यवाहीमा चित्त नबुझी कार्यवाहिमा परेका सदस्यले केन्द्रिय समितिमा उजुरी गरेमा सो उपर अन्तिम निर्णय दिने ।

ज) आवश्यकता अनुसार केन्द्रिय समितिको काम कारवाहीलाई सुचारु रुपले संचालन गर्न कर्मचारीहरुको नियुक्ति गर्ने ।

झ) सस्थागत बैठक तथा कार्य सम्पादनका लागि कार्यविधिको निर्धारण गर्ने ।

ञ) सांगठनिक तथा अन्य रचनात्मक कार्यहरु संचालन गर्न आवश्यकता अनुसार उपसमितिको गठन गर्ने र त्यसरी गठित उपसमितिको कार्यविधि तोक्ने ।

ट) व्यक्तिगत वा सामुहिक सौदाबाजी गर्नु परेका अवस्थामा इकाइ, र **लो.स्व.ट्या.म.स.-स्व.को** तर्फबाट वार्ताकारको भूमिका निर्वाह गर्ने ।

ठ) आगामि आर्थिक वर्षको बजेट विवरण केन्द्रिय परिषदमा पेस गर्ने ।

ड) लेखा परिक्षकको प्रतिवेदन परिषदमा पेश गर्ने ।

ढ) आवश्यकता अनुसार विभागहरु तथा कर्मचारीहरुको दरबन्दीको विवरण परिषदको बैठकमा पेश गर्ने ।

ण) परिषदको बैठकबाट स्वीकृत विभागहरु संचालन गर्ने ।

ङ) पदाधिकारीको राजिनामा स्वीकृत गर्ने ।
च) केन्द्रिय वा अर्न्तकेन्द्रिय सभा, सेमिनार र तालिममा प्रतिनिधि पठाउने ।
छ) दरवन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।
ज) आवद्ध संघहरुमा कुनै आन्तरिक विवाद उत्पन्न भएमा अन्तिम निर्णय दिने
झ) आवद्ध संघ प्रतिष्ठान इकाईहरुको कार्यसमिति निष्कृय भएमा वा संघ तथा **लो.स्व.ट्या.म.स.-स्व.**उद्देश्य विपरित काम गरेमा सम्वन्धिसंघ प्रतिष्ठान इकाईहरुको कार्यसमिति विघटन गरी अधिवेशन बोलाई नयाँ कार्यसमितिको निर्वाचन गराउने वा कुनै पदाधिकारी त्यस्ता कृयाकलाप गरेमा त्यस्ता पदाधिकारीलाई हटाई नयाँ पदपूर्ति गर्ने ।

परिच्छेद-६

१७ पदाधिकारीको काम, कर्तव्य र अधिकार :

१७.१ अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) **लो.स्व.ट्या.म.स.-स्व.**को सम्पूर्ण कार्यको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने ।
ख) सम्वन्धित सम्मेलन, परिषद, अधिवेशन र समितिको वैठकको अध्यक्षता गर्ने ।
ग) मत बराबर भएमा निर्णयक मत दिने ।
घ) **लो.स्व.ट्या.म.स.-स्व.** को हितका लागि नेतृत्व प्रदान गर्ने ।
ङ) सम्वन्धित समितिले गरेको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।
च) आगामि वैठक वस्नु भन्दा अगावै कार्य समितिले गर्ने भनेको काम गर्नु आवश्यक भएमा पछि वैठकमा निर्णय गराउने गरी काम गर्ने गराउने ।
छ) **लो.स्व.ट्या.म.स.-स्व.को** उद्देश्य प्राप्तिका लागि अन्य कार्यहरु गर्ने गराउने ।
ज) सम्वन्धित समितिका सदस्यको राजिनामा स्वीकृत गर्ने ।
झ) नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय ट्रेड युनियन, अदालत, अन्य व्यक्ति वा संस्थाहरुको सम्वन्धमा संस्थाको प्रतिनिधित्व गर्ने, गराउने ।
ञ) उपयुक्त निति र नियम तर्जुमा गराई परियोजनाहरु कार्यान्वयन गराउने निर्देशन दिने ।
ट) कार्यसमितिका सदस्यहरुको मनोनित गर्ने ।
ठ) आवश्यक देखेमा मिति, स्थान, समय तोकि केन्द्रिय समितिको हकमा महासचिव र जिल्ला समन्वयन समितिको हकमा सचिव मार्फत आकस्मिक वैठक बोलाउने ।
ड) समितिको वैठकबाट अनुमोदन गराउने गरी भैपरि आउने कार्यको लागि केन्द्रिय समितिका अध्यक्षले रु २०,०००।- प्रदेश समितिका अध्यक्षले १०,०००।- र जिल्ला समन्वयन समितिका अध्यक्षले वढीमा रु ५,०००।-सम्म रकम खर्च गर्ने ।

१७.२ वरिष्ठ उपाध्यक्ष :

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सवै कार्यहरु गर्ने ।
ख) अध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने ।
ग) यस विधानमा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति आवश्यक काम गर्ने ।
घ) समितिले तोकेको अन्य काम गर्ने ।

१७.३ प्रदेश उपाध्यक्ष

क) **लो.स्व.ट्या.म.स.-स्व.** उद्देश्य प्राप्तिको निम्ति आवश्यक कार्यहरु गर्ने ।
ख) लो.स्व.ट्या.म.स.-स्व. केन्द्रिय समितिले प्रत्यायोजन गरेका अधिकार भित्ररही विभिन्न काम गर्ने ।
ग) लो.स्व.ट्या.म.स.-स्व.का सदस्यहरु विच समन्वय गरि केन्द्रिय समितिको निति निर्णय कार्यान्वयन गर्ने र सागठनिक सुदृढिकरणको कार्यमा प्रयत्नशिल रहने ।

घ) प्रदेश समितिको नेतृत्व गर्ने ।

१७.४ केन्द्रिय समितिका महासचिव, प्रदेश र जिल्ला समन्वयन समितिका सचिवको काम, कर्तव्य र अधिकार

क) लो.स्व.ट्या.म.स.-स्व.दैनिक कार्य सुचारुपले संचालन गर्न मातहतका समितिलाई निर्देशन दिने ।

ख) अध्यक्षको परामर्श लिई बैठक बोलाउने तथा बैठकको लागि प्रस्ताव तयार गर्ने ।

ग) अध्यक्षको परामर्श लिइ लो.स्व.ट्या.म.स.-स्व.को वार्षिक योजना तर्जुमा गर्ने गराउने तथा पारित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

घ) महासचिवले प्रदेश तथा जिल्ला समन्वयन समितिमा भएका काम कारवाहीको सुपरिवेक्षण र मूल्यांकन गर्ने ।

ङ) लो.स्व.ट्या.म.स.-स्व.को चल, अचल सम्पत्तिको विवरण अध्यावधिक राख्ने ।

च) लो.स्व.ट्या.म.स.-स्व.को कामको लागि पछि बैठकबाट अनुमोदन गराउने गरी केन्द्रिय समितिका महासचिवले बढीमा रु.१०,०००।-, प्रदेश सचिवले ५,०००।- र जिल्ला समन्वयन समितिका सचिवले बढीमा रु.२,०००।- सम्म खर्च गर्न सक्ने ।

छ) विभिन्न समितिहरुमा पत्र व्यवहार गर्ने ।

ज) सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने व्यवस्था मिलाउने ।

झ) सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने, गराउने ।

१७.५ केन्द्रिय, प्रदेश समिति र जिल्ला समन्वयन समितिको कोषाध्यक्षको काम, कर्तव्य अधिकार :

क) लो.स्व.ट्या.म.स.-स्व.को आर्थिक कारोबार तथा भौतिक सम्पत्तिको रखदेख नियन्त्रण र बन्दोबस्त गर्ने ।

ख) लो.स्व.ट्या.म.स.-स्व. को वार्षिक बजेट र त्यसको बाँडफाँड सम्बन्धि विवरण समितिको स्वीकृतिमा तयार गर्ने र अधिवेशन तथा परिषदमा पेश गरी स्वीकृति गराउने ।

ग) लो.स्व.ट्या.म.स.-स्व.को रकम, दैदस्तुर आदि असुल उपर गर्ने, गराउने ।

घ) लो.स्व.ट्या.म.स.-स्व. को आर्थिक सुदृढिकरणका लागि विभिन्न योजना तर्जुमा गर्ने ।

ङ) मातहतको समितिको आर्थिक स्थितिको निरीक्षण गर्ने, गराउने ।

च) आर्थिक कारोबारहरुको लेखा परीक्षण गराउने ।

छ) समितिले तोकेको अन्य आवश्यक कार्यहरु गर्ने ।

१७.६ केन्द्रिय, प्रदेश समिति र जिल्ला समन्वयन समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार :

क) समितिको बैठकमा नियमित रुपमा भाग लिने ।

ख) समितिको निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

ग) समितिको विविध कार्यमा सहयोग पुऱ्याउने ।

परिच्छेद - ७

१८ पदको रिक्तता र पूर्ति सम्बन्धि व्यवस्था

१८.१ पद रिक्त हुने :

यस विधानमा अन्यत्र जे सुकै लेखिएको भएतापनि देहायको अवस्थामा जिल्ला समन्वयन समिति, प्रदेश परिषद समिति, केन्द्रिय समिति, केन्द्रिय परिषद र अधिवेशनका पद एवं प्रतिनिधित्व समाप्त तथा रिक्त हुनेछ ।

क) संघमा सदस्यता तथा प्रतिनिधित्व कायम नरहेमा ।

ख) विधान बमोजिम पदबाट दिएको राजिनामा स्वीकृत भएमा

ग) लापरवाही साथ लो.स्व.ट्या.म.स.-स्व. को अहित हुने वा यस विधानको उद्देश्य विपरित कम गरेको अर्थात यस विधानको उपदफा २.४ अनुसारको आचरण पालना नगरेमा ।

घ) मनज विग्रिएको प्रमाणित भएमा ।

ङ) मृत्यु भएमा

च) समितिको बैठक बस्ने सूचना पाएर पनि लगातार तिनपटकसम्म बिना सूचना समितिको बैठकमा अनुपस्थिति भएको कारणले समितिले निजलाई हटाउने निर्णय गरेमा । तर यसरी सदस्यता समाप्त गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइको सबुद पेश गर्ने मौका दिनुपर्नेछ ।

छ) एकवर्ष वा सो भन्दा बढी अवधिको लागि विदेश गएमा ।

ज) दफा ३७ बमोजिम महाअभियोग वा अविश्वासको प्रस्तावले हटाईएमा ।

झ) लो.स्व.ट्या.म.स.-स्व.को कुनै समितिको पदाधिकारी एकै समयमा सो भन्दा माथिल्लो समितिको पदाधिकारीमा निर्वाचित हुन गएमा स्वत: तल्लो समितिको पद रिक्त हुनेछ ।

१८.२ रिक्त पदको पूर्ति :

समितिको ५० प्रतिशत भन्दा बढी पद रिक्त हुन आएमा बाँकि पदाधिकारीले अधिवेशन बोलाई समितिको सम्पूर्ण पदाधिकारीहरुको बाँकि अवधिका लागि निर्वाचन गराउने छन् । तर एक वर्षभन्दा कम अवधि बाँकि रहेको अवस्थामा भने बाँकि रहेको पदाधिकारीहरुले नै कार्य संचालन गर्नेछन् ।

१९ निर्वाचन

क) लो.स्व.ट्या.म.स.-स्व. को सबै तहको निर्वाचन गोप्य मतदान द्वारा हुनेछ ।

ख) लो.स्व.ट्या.म.स.-स्व. को कार्य समितिको निर्वाचन प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

ग) कुनैपनि समितिको निर्वाचन विनियम बमोजिम गठित निर्वाचन आयोगले गराउने छ ।

परिच्छेद-८

२०. आर्थिक व्यवस्था

२०.१ लो.स्व.ट्या.म.स.-स्व. ले आफ्नो एउटा छुट्टै कोष रहनेछ । जसमा देहाय बमोजिमको रकमहरु रहनेछन् ।

क) सदस्यता शुल्क बापत उठेको रकम ।

ख) राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैह्र सरकारी संघसंस्था प्राप्त अनुदान वा सहयोग रकम ।

ग) लो.स्व.ट्या.म.स.-स्व. को लागि उठाइएको सहयोग रकम वा यसले आर्जेको अन्य रकम

घ) विभिन्न कार्यक्रमहरु संचालन गर्दा प्राप्त हुने रकम ।

२०.२ लो.स्व.ट्या.म.स.-स्व. को सम्पूर्ण खर्च उपदफा २०.१ बमोजिमको कोषबाट बेहोरिनेछ ।

२०.३ लो.स्व.ट्या.म.स.-स्व. को नाममा एउटा खाता खोलिनेछ र यसको नाममा प्राप्त हुन आएको रकम सोही खातामा जम्मा गरिनेछ ।

२०.४ को उपदफा २०.३ बमोजिमको खाता संचालन केन्द्रिय समितिको हकमा अध्यक्ष वा महासचिव र कोषाध्यक्ष, प्रदेश समिति, जिल्ला समन्वयन समितिको हकमा अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट गरिने छ ।

२१. लेखा र लेखा परिक्षण

२१.१ लो.स्व.ट्या.म.स.-स्व. को आर्थिक कारोबारको लेखा दोहोरो लेखा प्रणाली बमोजिम राखिनेछ ।

२१.२ प्रत्येक वर्ष नेपाल सरकारद्वारा स्वीकृत प्राप्त लेखा परिक्षकद्वारा लो.स्व.ट्या.म.स.-स्व.को आर्थिक कारोबारको लेखा परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित अधिवेशन वा परिषदमा पेश गरिनेछ ।

२१.३ लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धित अधिवेशन वा परिषदले तोके बमोजिम हुनेछ ।

२१.४ प्रत्येक समितिले आर्थिक कारोबारको सम्पुर्ण श्रेष्ता अद्यावधिक राख्नुपर्नेछ । यसरी राखिएको आर्थिक आय-व्ययको विवरणको जानकारी जिल्ला समन्वयन समिति, प्रदेश समितिले केन्द्रिय समितिमा प्रत्येक वर्ष आर्थिक वर्ष अन्तिवाय रुपमा पठाउनु पर्नेछ ।

२१.५ लो.स्व.ट्या.म.स.-स्व. को अर्थ सम्बन्धि अन्य व्यवस्था आर्थिक विनियममा तोकिए बमोजिम हुनेछ ।

२२. रकम बाँडफाँड

२२.१ लो.स्व.ट्या.म.स.-स्व. को कुनै खास उद्देश्यका लागि उठाएको रकम बाँडफाँड सो रकम उठाउने निर्णय गर्ने समितिले निश्चित गरे बमोजिम हुनेछ ।

२२.२ केन्द्रिय समितिले सदस्यता शुल्क बाहेक उठेको रकम मध्ये ५० प्रतिशत केन्द्रमा राखेर बाँकी रकम जिल्ला समन्वयन समिति र प्रदेश समितिलाई २५-२५ प्रतिशत रकम पठाउनु पर्नेछ ।

परिच्छेद-९

२३. निष्पक्ष सुनुवाई

क) लो.स्व.ट्या.म.स.-स्व. का विभिन्न समितिका पदाधिकारी एवं आवद्ध संघहरुको विरुद्ध उजुरीको सुनुवाई सम्बन्धी समिति एवं आवद्ध संघमा हुनेछ ।

ख) यसरी कुनै पनि पदाधिकारी एवं आवद्धसंघ विरुद्धको उजुरीमा सुनुवाई हुँदा निजलाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिनुपर्नेछ ।

ग) उपदफा २.५ मा उल्लेख भए बमोजिमका उजुरीको सुनुवाई हुँदा **लो.स्व.ट्या.म.स.-स्व.**को कुनै समितिद्वारा गरिएको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित परिषद वा अधिवेशनमा पुनरावेदन गर्न सकिनेछ ।

घ) निष्पक्ष सुनुवाई सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. विधानको संशोधन :

यस विधानमा लेखिएको कुनै कुरा संशोधन गर्न केन्द्रिय अधिवेशनमा उपस्थित सदस्य मध्ये दुई तिहाईको बहुमतले संशोधन प्रस्ताव पारित गरेको हुनुपर्दछ । तर प्रस्तावको मूल भावना विपरित संशोधन गरिने छैन ।

क) यस विधानमा भएका व्यवस्थाहरु प्रचलित कानुनसँग बाँझिन गएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

ख) संशोधन गरिएको विधान विभागवाट प्रमाणित भएपछि मात्र लागु हुनेछ ।

२५. विधानको व्याख्या:

यो विधान भएको अस्पष्टतामा केन्द्रिय समितिले गरेको निर्णय केन्द्रिय परिषदद्वारा अमान्य घोषित तथा संशोधन नभएसम्म अन्तिम तथा मान्य हुनेछ ।

क) यस विधानको अन्तिम व्याख्या गर्ने अधिकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई हुनेछ ।

२६. राजिनामा :

लो.स्व.ट्या.म.स.-स्व. को कुनै अधिवेशन वा समितिका सदस्यले सम्बन्धित अध्यक्ष समक्ष र समितिका अध्यक्षले समितिका उपाध्यक्ष मार्फत समितिमा राजिनामा दिन सकेछन् ।

२७. सल्लाहकार समिति :

लो.स्व.ट्या.म.स.-स्व. को उद्देश्य पूर्तिमा केन्द्रिय प्रदेश र जिल्ला समिति वा जिल्ला समितिलाई सल्लाह प्रदान गर्न सम्बन्धित समितिले बढीमा ५ जना सम्म सदस्य रहेको एक सल्लाहकार समितिको गठन गर्न सकेछ ।

२८. नेपाल सरकारसँगको सम्पर्क

२९. नियम बनाउने अधिकार

यस विधानको उद्देश्य पूरा गर्नको लागि केन्द्रिय परिषद वा अधिवेशनले आवश्यक विनियम बनाउन सकेछ ।

३०. लो.स्व.ट्या.म.स.-स्व. को आधिकारीकता

मजदुरहरुको हकहितको लागि गठन भएको वा हुने कुनै प्रकारका आयोग, कमिशन तथा मजदुरसँग सम्बन्धित ऐन नियमको तर्जुमा र संशोधन गर्ने कार्यदल वा त्यस्तै अन्य निकायमा प्रतिनिधित्व गर्न लो.स्व.ट्या.म.स.-स्व. आधिकारीक मानिने छ ।

३१. कर्मचारी सम्बन्धित व्यवस्था

३१.१ लो.स्व.ट्या.म.स.-स्व.को काम कारबाही सुचारु रुपले सञ्चालन गर्नको लागि आवश्यकता अनुसार सम्बन्धित परिषद वा अधिवेशनले निणय गरे अनुसार सम्बन्धित कार्य समितिले कर्मचारीहरुलाई नियुक्त गर्न सक्नेछ ।

३१.२ उपदफा ३१.१ बमोजिम नियुक्त हुने कर्मचारीको पारिश्रमिक सुविधा एवं सेवाको अन्य शर्तहरु सम्बन्धित परिषद वा अधिवेशनले तोके बमोजिम हुनेछ ।

३२ दायित्व र सम्पत्ति सम्बन्धी

३२.१ लो.स्व.ट्या.म.स.-स्व.को केन्द्रिय तहका समिति र जिल्ला तहका समितिहरुको जिम्मामा रहेको सम्पत्ति र दायित्व यो विधान प्रारम्भ भएपछि केन्द्रिय समिति र सम्बन्धित जिल्ला कार्यसमितिमा सर्नेछ ।

३२.२ यस संगठन विघटन गर्नुपरेमा सम्पुर्ण चलअचल सम्पती आवद्धता महासंघमा रहने र महासंघ नै विघटन भएमा नेपाल सरकारमा निहित हुनेछ ।

३३. प्रत्येक कार्य समितिहरुमा सदस्य हुने योग्यता

३३.१ क. लो.स्व.ट्या.म.स.-स्व. संग आवद्ध संघको सदस्यता कायम रहेको हुनुपर्ने

ख. नेपाली नागरिक हुनुपर्ने ।

ग. सम्बन्धित आवद्ध संघको सदस्यता लिएको एक वर्ष पुरा भएको हुनुपर्ने तर यस विधान बमोजिम हुने पहिलो समितिको निर्वाचनमा यो बन्देज लागु हुनेछैन ।

३४. सपथ

लो.स्व.ट्या.म.स.-स्व. को विभिन्न समितिका अध्यक्षले सम्बन्धित निर्वाचन समितिका अध्यक्ष समक्ष र अन्य पदाधिकारी एवं सदस्यले आफ्नो समितिको अध्यक्ष समक्ष र केन्द्रिय अधिवेशनका सदस्यहरुले केन्द्रिय समितिका अध्यक्ष समक्ष अनुसूचि ८ मा व्यवस्था भए बमोजिम सपथ लिनुपर्नेछ ।

३५ महाअभियोग तथा अविश्वासको प्रस्ताव सम्बन्धि व्यवस्था ।

३५.१ महाअभियोगको प्रस्ताव

कुनैपनि समितिका पदाधिकारीले लो.स्व.ट्या.म.स.-स्व. को उद्देश्य विपरित काम गरेको प्रमाणित हुन आएमा त्यस्ता पदाधिकारीहरुलाई सम्बन्धित अधिवेशनको दुई तिहाई बहुमतले महाअभियोगको प्रस्तावद्वारा निष्काशन गर्न सकेछ ।

३५.२ अविश्वासको प्रस्ताव

कुनैपनि समितिका पदाधिकारीले लो.स्व.ट्या.म.स.-स्व. को उद्देश्य तथा हित विपरित काम गरेको प्रमाणित भएको वा संगठन नेतृत्व प्रदान गर्न असमर्थ भएमा आकस्मिक वा विशेष अधिवेशनको बहुमतले अविश्वास प्रस्ताव पारित गरी पदबाट हटाउन सकिनेछ ।

अनुसूचि १

छाप दफा ४ (घ) संग सम्बन्धित

लो.स्व.ट्या.म.स.-स्व. को छाप गोलाकार चक्र भित्र टाक्सी चलाएको चालक भएको सहितको चित्र भित्र लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र भित्र तल जिल्ला तथा केन्द्रिय समिति उल्लेखित भएको २.५ ईन्च छाप हुनेछ ।

अनुसूचि-२

प्रतिक चिन्ह (दफा ४.ङ संग सम्बन्धित)

लो.स्व.ट्या.म.स.-स्व.को छाप गोलाकार चक्र भित्र टाक्सी चलाएको चालक भएका सहितको चित्र भित्र लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन-स्वतन्त्र भित्र तल जिल्ला, प्रदेश तथा केन्द्रिय समिति उल्लेखित भएको २.५ ईन्च अंकित चिन्ह नै प्रतिक हुनेछ ।

अनुसूचि ३

झण्डा [illegible] सम्बन्धित

[illegible] लो.स्व.ट्या.म.स.-स्व.को झण्डा चार कुने रातो रंगको हुनेछ जसमा छाप गोलाकार चक्र भित्र टाक्सी [illegible] अक्षरको अंकित भएका सहितको लो.स्व.ट्या.म.स.-स्व.अंकित चित्र हुनेछ।

अनुसूचि ४

सफत [illegible]

म .....(नाम) लो.स्व.ट्या.म.स.-स्व.को केन्द्रिय अधिवेशन/प्रदेश अधिवेशनबाट [illegible] निर्वाचित भई केन्द्रिय समिति प्रदेश समिति को ..... पदमा रहि सत्य निष्ठापूर्वक यो [illegible] स्व.को गोपनियताको प्रकाश नगरी सधैभरी निस्वार्थ पूर्वक यो संस्थाको उद्देश्य पूर्ति र निरन्तर सुदृढताको [illegible] सामर्थ्यले भ्याए सम्म सेवारत रहनेछु।

लोगो र झण्डा

काठमाडौं महानगरपालिका
मेँ मह्मानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, ३ नं. प्रदेश, नेपाल

वडा कार्यालय

संस्थाको छाप वा फोटो

गैर नाफामुलक संस्था दर्ता प्रमाणपत्र

दर्ता मिति २०८३।०६।१९

प्रमाण पत्र नं. ११९

(१) संस्थाको नाम : लोडतान्त्रीक स्वरोजगार इपान्सी समाज

ठेगाना : अन्दिम हेउछन
जि.प.नि.८, जयवागेश्वरी

स्वदेशी/विदेशी : स्वदेशी

विषयगत क्षेत्र : इपान्सी चालक अपाङ्गको हक हित सम्बन्धी

संस्थाको कारोवार शुरु भएको मिति : २०८३।६।१९

ई-मेल : ..... सम्पर्क फोन नं. : .....

(२) संचालक/अध्यक्ष/मुख्य व्यक्तिको नाम, थर : श्री चन्द्रिका चित्रकार

ठेगाना : .....

ई-मेल : ..... सम्पर्क फोन नं. : ९८४११६१६१९

(३) बहालमा बसेको भए घरधनीको नाम, थर : जितेन्द्र बैद्य

ठेगाना : जि.प.नि.८ जयवागेश्वरी

ई-मेल : ..... सम्पर्क फोन नं. : .....

..... पेश गर्ने

..... प्रमाणित गर्ने

अन्य निकायबाट स्वीकृत वा इजाजत लिनु पर्ने भए लिनु पर्ने छ। साथै यो प्रमाण पत्र सालवसाली नविकरण गर्नु पर्ने छ।

०८-३०-००८४

नवीकरण

प्रमाण पत्र नं. ☐☐☐☐☐☐☐☐

संस्थाको नाम : लोडता नीड स्वरोजगार [illegible] मजदुर [illegible]

आ.व.	मिति	र.नं./भौ.नं.	रकम	दस्तखत	कैफियत
२०८३/२०८४	२०८३/६/१६	३८६३३	६०००/-		२०८४ अ.दि

अनुसूची-४

नेपाल सरकार

श्रम तथा रोजगार मन्त्रालय

श्रम विभाग

ट्रेड यूनियन संघ दर्ताको प्रमाण-पत्र

दर्ता प्रमाण-पत्र नं. ३८५

लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन (स्वतन्त्र) ट्रेड यूनियन संघलाई ट्रेड यूनियन ऐन २०४९ (पहिलो संसोधन २०५५) को दफा ४ को उपदफा ४ बमोजिम दर्ता गरी ट्रेड यूनियन नियमावली २०५० को नियम ६ बमोजिम यो दर्ताको प्रमाण-पत्र दिइएको छ ।

.....
पञ्जिकाधिकारीको दस्तखत

नोट: ट्रेड यूनियन ऐन, २०४९ (पहिलो संसोधन २०५५) को दफा ४ उपदफा २ बमोजिम ।

लोकतान्त्रिक स्वरोजगार दमाल्ली मजदुर सगठन स्वतन्त्र

जारी मिति	म्याद समाप्त हुने मिति	नविकरण मिति	नविकरण गर्ने अधिकृतको दस्तखत	कैफियत
२०६३/१२/२०	२०६७/१२/२९			
नविकरण	२०८१/१२/२८	२०८१/०१/३१	२०८१/०१/३१ महा निर्देशक	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नेपाल सरकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग मीनभवन, काठमाडौं
	२०८४/१२/२७	२०८२/०४/१७	२०८२।४।१७	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नेपाल सरकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग बबरमहल, काठमाडौं

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग



स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

दर्ता मिति

स्थायी लेखा नम्बर	:	६	२	५	१	८	४	०	७	९
आन्तरिक राजस्व कार्यालय	:	आन्तरिक राजस्व कार्यालय बत्तीसपुतली								

आयकर: १९ | ०६ | २०८३
दिन महिना साल

आयकर मात्र

कारोबारको नाम : लाकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन स्वतन्त्र

करदाताको प्रकार : मुनाफा वितरण नगर्ने कम्पनी

ठेगाना : वार्ड नं. ८, जयबागेश्वरि
महानगरपालिका: काठमाडौं,
काठमाडौं

व्यवसायका कारोबारहरु : सामाजिक सुरक्षाबाहेकका स्वास्थ्य हेरचाह, शिक्षा, सांस्कृतिक सेवा तथा अन्य सामाजिक सेवाहरू प्रदान गर्ने क्रियाकलापहरूको सञ्चालन,

करदाताको दस्तखत

कर अधिकृत

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरू:

- कारोवार गर्दा अनिवार्य रूपमा विल विजक जारी गर्नुपर्छ।
- मू.अ. करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा त्रैमासिक वा चौमासिक) समाप्त भएको २५ दिन भित्र मू.अ. कर विवरण तथा मू.अ. कर रकम बुझाउनु पर्छ।
- अन्तःशुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र मास्केवारी र अन्तःशुल्क रकम बुझाउनु पर्छ।
- प्रत्येक आर्थिक वर्षको आय विवरण आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र बुझाउनु पर्छ।
- तोकिएको समयमा विवरण र कर रकम नबुझाएमा ब्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाण पत्र देखिने गरी कारोवार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नु होला।